# राष्ट्रिय सूचना आयोग

**का.म.न.पा.-१० (देवीनगर) काठमाडौं**

प. सं. ०७५/७६
च. नं.

**कोरोना (Covid-19) सम्बन्धी कन्टयाक्ट ट्रेसिङमा परेको कारण आयोगबाट प्रदान गरिने सेवा प्रवाह सीमित गरिएको बारे प्रेस विज्ञप्ति**

कोरोना महामारी (Covid-19) को संक्रमणले मुलुक तथा सारा विश्व नै प्रभावित भएको छ । यसै सन्दर्भमा राष्ट्रिय सूचना आयोगको सूचनाको हकसम्बन्धी जर्नल प्रकाशन गर्ने जिम्मेवारी प्राप्त व्यवसायीमा कोरोना संक्रमण पुष्टि भएको र निजसँग यस आयोगका आयुक्त तथा केही कर्मचारी सम्पर्कमा रहेको कारणबाट कन्टयाक्ट ट्रेसिङमा परेका छन् । यस आयोगका आयुक्त श्री रत्नप्रसाद मैनाली, आयोगका सचिव तथा केही अन्य कर्मचारीहरु सेल्फ आईसोलेसनमा बस्नुपर्ने अवस्था सृजना भएको छ । यसबाट आयोगको दैनिक काम कारवाहीमा कम भन्दा कम असर पर्ने गरी काम गर्ने वातावरण मिलाइएको छ । यस अवस्थामा सेवाग्रहीको सूरक्षाका लागि पनि आयोगको कार्यालयमा नै उपस्थित भै गरिने कार्यलाई निरुत्साहित गरिएको छ । इमेल, फ्याक्स र हुलाकबाट प्राप्त हुने उजुरी पुनरावेदनमा कारवाही भइ नै रहनेछ । यसबाट पर्नजाने असुविधाका लागि आयोग क्षमाप्रार्थी छ । आयोगको काम यथाशक्य चाडो नियमित गर्ने प्रयासमा छौ ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता